नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
(आन्तरिक प्रशासन शाखा)

४४३८५३६
४४३८५४५
४४३८५४६
फ्याक्स नं. ९७७ १
४४१४६५१
अनामनगर काठमाण्डौ

पत्र संख्या २०७०।७१
च.नं. ९९६

मिति २०७०।५।२३

विषय : निवृत्त भरण अधिकार पत्र सम्वनधमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
सबै ।

उपरोक्त सम्वन्धमा रक्षा मन्त्रालय, नेपाली सेना, सैनिक आर्थिक प्रशासन विभाग, जङ्गी अड्डाको प.स. १४२०६/२४/नीति/०६९-७०/०७, मिति २०६९।१२।१४ गतेको पत्रानुसार नेपाल सरकारद्वारा प्रकाशित खण्ड ६२ अतिरिक्ताङ्क २० नेपाल राजपत्र भाग ३ मिति २०६९।१०।१० गते सैनिक नियमावली, २०६९ को नियम ८८ उप नियम ६ मा सैनिक अभिलेखालय बाट सम्पन्न गर्दै आईरहेको निवृत्तभरण सम्वन्धी केही कार्यहरु बैक भुक्तानी लिईरहेका जिल्लाको सैनिक पृतना/वाहिनी/गण र गुल्मको प्रमुखको सिफारिसमा जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गरिने ब्यवस्था उल्लेख भएको हुदा सोही नियमावली अनुसार नेपाली सेनाको निवृत्ती भरण सम्वन्धी कार्यहरु गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

डालेश्वर अर्याल
लेखा अधिकृत

बोधार्थ
श्री रक्षा मन्त्रालय, नेपाली सेना, सैनिक आर्थिक प्रशासन विभाग, जङ्गी अड्डा
श्री निवृत्तीभरण ब्यवस्थापन कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ ।

महालेखा नियन्त्रक कार्यालय
द.नं. ६०४४
मिति १२।१४

# नेपाल सरकार
## रक्षा मन्त्रालय
## नेपाली सेना


टेलिफोन नं. :- ४२४१७५१ } १२७५
४२५६६६५ } १२७६

फ्याक्स :-

ईमेल :- inspection@nepalarmy.mil.np

सैनिक आर्थिक प्रशासन विभाग
जङ्गी अड्डा
काठमाण्डौं, नेपाल ।


प.सं.:- १४२०६/२४/निति/०६९/७०/४७

मिति: २०६९/१२/१४ गते ।

श्री महालेखा नियन्त्रकको कार्यालय,
अनामनगर,काठमाण्डौं ।

## नि.भ.अधिकार पत्र सम्बन्धमा

उपरोक्त सम्बन्धमा नेपाल सरकारद्वारा प्रकाशित खण्ड ६२ अतिरिक्ताङ्क २० नेपाल राजपत्र भाग-३, मिति २०६९।१०।१० गते "सैनिक नियमावली २०६९" को नियम ८८ उपनियम (६) मा सैनक अभिलेखालयबाट सम्पन्न गर्दै आईरहेको निबृत्तभरण सम्बन्धि देहायका कार्यहरु बैंक भुक्तानी लिईरहेका जिल्लाको सैनिक पृतना/बाहिनी/गण र गुल्मका प्रमुखको सिफारिसमा सोही जिल्लाको श्री कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट गरिने व्यवस्था उल्लेख भएको छ । उपरोक्त नियमाबलीलाई कार्यान्वयनमा ल्याउनको लागि त्यस कार्यालयको मातहतमा रहेका सबै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जानकारी गराई नियमावलीलाई कार्यान्वयन गराउने व्यवस्था हुन अनुरोध ।

(क) निबृत्तभरणको एकपटक जारी भैसकेको अधिकार पत्रको पाना सिद्धिई वा अधिकार पत्र हराई प्रतिलिपी लिनु परेमा ।

(ख) निबृत्तभरण वा पारिवारीक निबृत्तभरण अधिकार पत्र बाहक व्यक्तिको मृत्यू भई पारिवारीक निबृत्तभरण पाउने व्यक्तिको नाम सिफारिस गर्नु परेमा ।

(ग) प्रमाणित निबत्तिभरण अधिकार पत्रमा संशोधन गर्नु परेमा वा सैनिक अभिलेखालयबाट पठाए बमोजिम निबृत्तभरण अधिकार पत्र तथा फाराममा फोटो तथा दस्तखत प्रमाणित गर्नु परेमा ।

(घ) निबृत्तभरण प्राप्त गर्ने व्यक्तिको उमेर ६० बर्ष, ७५ बर्ष र ८५ बर्ष पुगेपछि निबृत्तभरण रकम थप गर्नु परेमा ।

(यादवध्वज देउजा)
लेखा सहायक रथी
बिभागीय प्रमुख
सैनिक आर्थिक प्रशासन बिभाग

बोधार्थ:
श्री प्र.से.प.को सैनिक सहायक अड्डा,जंगी अड्डा ।
श्री कार्यरथीको कार्यलय,जंगी अड्डा ।
श्री सैनिक अभिलेखालय,भद्रकालीस्थान,काठमाण्डौं ।